# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : ९** **सङ्ख्या : ३** **मिति : २०८२ असार २०**

**नगर सभाबाट पारित मितिः २०८२ असार १३**

**प्रमाणीकरण मिति : २०८२ असार १९**

## भाग-१

## सुन्दरहरैँचा नगरपालिकाको विद्यालय शिक्षा (पहिलो संशोधन) ऐन, २०८२

सुन्दरहरैँचा नगरपालिकाको विद्यालय शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको नगर सभाको १६ औं अधविशनले यो ऐन पारति गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# सुन्दरहरैँचा नगरपालिकाको विद्यालय शिक्षा (पहिलो संशोधन) ऐन, २०८२

**प्रस्तावना :** सुन्दरहरैँचा नगरपालिकाको विद्यालय शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सुन्दरहरैँचा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सुन्दरहरैँचा नगरपालिकाको विद्यालय शिक्षा (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. विद्यालय शिक्षा ऐन, २०७९ को दफा २ मा संशोधन :** विद्यालय शिक्षा ऐन, २०७९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) र (च) मा देहाय बमोजिम संशोधन गरिएको छ तथा खण्ड (न) थप गरिएको छ।

(ङ) 'शिक्षा, युवा तथा खेलकुद उपशाखा' भन्नाले सुन्दरहरैँचा नगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद उपशाखालाई सम्झनुपर्छ।

(च) 'शिक्षा, युवा तथा खेलकुद उपशाखा प्रमुख' भन्नाले सुन्दरहरैँचा नगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद उपशाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको शिक्षा प्रशासनको अधिकृतस्तरको कर्मचारीलाई सम्झनुपर्छ।

(न) 'नगर कार्यपालिका' भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ।

**३. मूल ऐनको दफा ३ मा संशोधन :** मूल ऐनको दफा ३ को उपदफा (१), (२) र (४) लाई संशोधन तथा एकीकृत गरी देहाय बमोजिमको उपदफा (१) र (२) कायम गरिएको छ तथा उपदफा (१२) र (१३) थप गरिएको छ। मूल ऐनको उपदफा (३) खारेज गरी नयाँ उपदफा (३) थप गरिएको छ।

(१) कुनै पनि नेपाली नागरिक वा नेपाली नागरिकहरूको समुदायले नयाँ संस्थागत विद्यालय दर्ता गरी सञ्चालन गर्न चाहेमा व्यावसायिक शैक्षिक नियमावली वा शैक्षिक गुठीको विधान, सम्बन्धित वडा समितिको सिफारिस र तोकिएका अन्य विवरण खुलाई नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद उपशाखामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेका निवेदनउपर शिक्षा, युवा तथा खेलकुद उपशाखाले आवश्यक जाँचबुझ गर्नेछ। जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिब देखिएमा सो को प्रतिवेदन नगर शिक्षा समितिसमक्ष पेश गर्नेछ र शिक्षा समितिले आवश्यक जाँचबुझ गरी निर्णयका लागि नगर कार्यपालिकालाई सिफारिस गर्नेछ। कार्यपालिकाले नयाँ विद्यालय दर्ताको निर्णय गर्दा नगरपालिकाको शैक्षिक विनियमावली वा शैक्षिक गुठीसम्बन्धी कानूनका आधारमा प्रचलित ऐन तथा नियमावलीले तोकेका सर्त बन्देज पालना गर्ने गरी अनुमति दिन सक्नेछ।

(३) शैक्षिक विनियमावली वा शैक्षिक गुठीसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१२) यस नगरपालिका अन्तर्गत निश्चित भौगोलिक इकाईभित्र सञ्चालनमा रहेका एक वा सोभन्दा बढी विद्यालयहरू प्रचलित कानूनले तोकेको मापदण्ड पूरा गरी सोही भौगोलिक इकाईको अर्को विद्यालयमा समायोजन भई एउटा मात्र बृहत विद्यालयका रूपमा रहन सक्नेछन् । समायोजन हुन आएका विद्यालयहरूको सम्पूर्ण व्यवस्थापन समायोजनपश्चात् बन्ने विद्यालयले गर्नेछ भने ती सबै विद्यालय भवनहरूमा आवश्यक व्यवस्थापन गरी पठनपाठन कार्य सञ्चालन गर्न सकिनेछ ।

(१३) बृहत विद्यालयको विद्यालय व्यवस्थापन समिति र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. मूल ऐनको दफा ६ पछि दफा ६क थप गरिएको :** मूल ऐनको दफा ६ पछि देहाय बमोजिमको दफा ६क थप गरिएको छ ।

**६क. सहकारी विद्यालय स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था :** नगरपालिका अन्तर्गत दर्ता भई सञ्चालनमा रहेका कुनै पनि सहकारी संस्था वा सहकारी संस्थाहरूको समूहले सहकारीमार्फत लगानी गरी विद्यालय स्थापना र सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमका सर्त बन्देज पालना गर्ने गरी विद्यालय सञ्चालन गर्न सक्नेछन् । सहकारी विद्यालयसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५. मूल ऐनको दफा १८ मा संशोधन :** मूल ऐनको दफा १८ को उपदफा (१) मा देहाय बमोजिम संशोधन गरिएको छ ।

(१) कुनै पनि सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्षसहित सम्बन्धित वडा समितिले सिफारिस गरेमा वा पर्याप्त कारण खुलाई नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटनका लागि नगर कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ र नगर कार्यपालिकाले निर्णय गरी विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

**६. मूल ऐनको दफा ३७ मा संशोधन :** मूल ऐनको दफा ३७ को उपदफा (३) मा देहाय बमोजिम संशोधन गरिएको छ ।

(३) दफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको आचरण विपरीत काम गर्ने शिक्षकलाई जुनसुकै बखत नगरपालिका क्षेत्रभित्रका कुनै पनि विद्यालयमा नगर शिक्षा समितिको सिफारिस बमोजिम नगरपालिकाले सरुवा गर्न सक्नेछ ।

**७. मूल ऐनको दफा ४२ मा संशोधन :** मूल ऐनको दफा ४२ मा देहाय बमोजिमको उपदफा (७) थप गरिएको छ ।

(७) नगरपालिका क्षेत्रभित्र सञ्चालित कुनै पनि सामुदायिक विद्यालयमा प्रचलित ऐन तथा नियमावली बमोजिम तहगत प्रधानाध्यापकको व्यवस्था गर्न नगरपालिका क्षेत्रभित्रकै अर्को सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकलाई कामकाजका रूपमा सरुवा गर्न सकिने छ र त्यस्तो शिक्षकलाई सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकका रूपमा नियुक्ति दिन सक्नेछ । यसरी नियुक्त प्रधानाध्यापकले अर्को व्यवस्था नभएसम्म प्रधानाध्यापकका रूपमा रही कामकाज गरिरहन सक्नेछ ।

**८. मूल ऐनको दफा ४७ मा संशोधन :** मूल ऐनको दफा ४७ मा देहाय बमोजिमका उपदफाहरू (४), (५), (६), (७), (८), (९), (१०), (११) र (१२) थप गरिएका छन् ।

(४) सजायसम्बन्धी व्यवस्था : उचित र पर्याप्त कारण भएमा शिक्षकलाई देहायको विभागीय सजाय गर्न सकिनेछ :

(क) नसिहत दिने,

(ख) बढीमा पाँच वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

(ग) बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने,

(घ) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने,

(ङ) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(५) नसिहत दिने : शिक्षकले विद्यालयमा आउने, अध्यापन गर्ने र जाने समय पालन नगरेमा निजलाई नसिहत दिन सकिनेछ।

(६) पाँच वर्षसम्म तलब वृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने : देहायको अवस्थामा शिक्षकलाई पाँच वर्षसम्म तलब वृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्न सकिनेछ :

(क) अनुशासनहीन काम गरेमा,

(ख) बराबर विद्यालयको समय पालन नगरेमा,

(ग) आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा,

(घ) खटाइएको तालिम वा प्रशिक्षणमा भाग लिन नगएमा,

(ङ) प्रधानाध्यापकले तालिम वा प्रशिक्षणमा छनौट भएका शिक्षकलाई सहभागी हुन नपठाएमा।

(७) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने : (१) शिक्षा ऐन, २०२८ को दफा १६ङ. को उपदफा (५) को खण्ड (क), (ख), (ग) वा (घ) को अवस्थामा शिक्षकलाई नोकरीबाट हटाइनेछ।

(२) शिक्षकलाई देहायका अवस्थामा भविष्यमा शैक्षिक नोकरीको लागि अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्न सकिनेछ :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ख) भ्रष्टाचार गरेमा।

(८) विद्यालयलाई नोक्सानी भएको रकम असुल गरिने : कुनै शिक्षकले जानीजानी वा लापरबाही गरी कुनै काम गरेको कारणले विद्यालयलाई कुनै हानीनोक्सानी पर्न गएमा त्यस्तो हानीनोक्सानी भएको रकम त्यस्तो काम गर्ने शिक्षकबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(९) सजायसम्बन्धी कार्यविधि : (१) सजाय दिन पाउने अधिकारीले कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्दछ। यसरी सफाईको मौका दिँदा निजमाथि लगाइएको आरोप र सजाय स्पष्ट रूपले किटिएको हुनुपर्नेछ। त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ।

(२) खण्ड (१) बमोजिम शिक्षकले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण चित्तबुझ्दो नभएमा सजायको आदेश दिन पाउने अधिकारीले सजाय प्रस्ताव गरी पुनः स्पष्टीकरण माग गर्नेछ।

(१०) निलम्बन गर्ने: (१) कुनै शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नुपरेमा निजलाई सजाय दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ। निलम्बन गर्दा साधारणतया तीन महिनाभन्दा बढी गर्नु हुँदैन।

(२) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ। यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन।

(३) कुनै शिक्षकले आफ्नो पदमा पुनः स्थापित भएमा सो निलम्बन रहेको अवस्थामा निजले आफ्नो तलबको आधा मात्र पाउनेछ।

(४) खण्ड (१) बमोजिम कुनै शिक्षक निलम्बन भएमा सो निलम्बन रहेको अवस्थामा निजले आफ्नो तलबको आधा मात्र पाउनेछ।

तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाई पाएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पूरै तलब पाउनेछ।

(११) सजाय गर्ने : शिक्षकले उपदफा (९) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा सजाय गर्ने अधिकारीले यसको कारण खुलाई सजाय गर्नेछ।

(१२) सजाय गर्ने अधिकारी : (१) शिक्षकलाई सजाय गर्ने अधिकारी देहायबमोजिम हुनेछ :

(क) शिक्षकलाई नसिहत दिने वा दुई तलब वृद्धि रोक्का गर्ने प्रधानाध्यापक र सोभन्दा बढी तलब वृद्धि रोक्का गर्ने व्यवस्थापन समिति,

(ख) प्रधानाध्यापकलाई नसिहत दिने र तलब वृद्धि रोक्का गर्ने स्थानीय शिक्षा अधिकृत,

(ग) बढुवा रोक्का गर्ने स्थानीय शिक्षा अधिकृत,

(घ) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत,

(२) खण्ड (१) को उपखण्ड (क) बमोजिम प्रधानाध्यापक वा व्यवस्थापन समितिले गरेको सजायको जानकारी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद उपशाखालाई दिनुपर्नेछ।

(३) खण्ड (१) बमोजिम गरिएको सजायको जानकारी शिक्षक किताबखानालाई दिनुपर्नेछ।

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र